महाभारत गाउँपालिका

**स्थानीय राजपत्र**

खण्डः९ सङ्ख्याः३ मितिः२०८२/०७/२६

# भाग-२

## महाभारत गाउँपालिका

**महाभारत गाउँपालिकाको " स्वास्थ्य बीमा सञ्चालन कार्यक्रम कार्यविधि ,२०८२"**

**प्रस्तावनाः**

महाभारत गाउँपालिका भौगोलिक रुपमा काभ्रेपलाञ्चोक जिल्लाको सबैभन्दा ठुलो स्थानिय तह हो । राष्ट्रिय तथ्याङ्क बिभागको स्मल एरिया ईष्टिमेशन अफ प्रोभर्टि २०२३ का अनुसार यस पालिकाको गरिबि ४७.०४ हुनुको साथै स्वास्थ्य बीमा गर्नेको संख्या जम्मा २४८७ अर्थात १५.४५ प्रतिशत ( स्वास्थ्य बीमा बोर्ड काभ्रे शाखा) मात्र रहेको हुनाले महाभारत गाउँपालिकाको समुदायमा गुणस्तरीय स्वास्थ्य बीमाको पहुँच अभिवृद्दि गर्न मुख्य चुनौतिको रुपमा रहेकोले यस पालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकहरुलाई स्वास्थ्य बीमा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य बीमामा समतामूलक पहुँच अभिबृद्धिका लागि स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमा कार्यक्रममा नागरिकलाई आवद्ध गराउदै योगदान रकममा (प्रिमियम) सहुलियत प्रदान गर्न , एवं नेपालको संविधान २०७२ बमोजिम स्वास्थ्य बीमामा समान पहुँचको हक प्राप्तिको प्रत्याभुति गर्न वान्छनीय भएकोले ,

महाभारत गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमन गर्ने) ऐन २०७४ को दफा ३ को अधिकार प्रयोग गरी स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि ,२०८२ जारी गरिएको छ ।

## परिच्छेद -१

प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१)यस कार्यविधिको नाम **महाभारत गाउँपालिकाको "स्वास्थ्य बीमा सञ्चालन कार्यक्रम कार्यविधि ,२०८२"** रहेको छ ।

(२) यो कार्यविधि महाभारत गाउँपालिकाको क्षेत्रमा तुरुन्तै लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा ;

**(क ) " स्वास्थ्य बीमा"** भन्नाले स्वास्थ्य बीमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तिका लागि व्यक्ति एवं परिवारले गर्ने बीमा सम्झनु पर्छ ।

**( ख) " सहुलियत "** भन्नाले नेपाल सरकारको स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा बिमितले बुझाउने योगदान रकम (प्रमियम) मा महाभारत गाउँपालिकाले दायित्व बहन गर्ने रकम लाई सम्झनु पर्छ ।

**(ग)"नागरिक स्वास्थ्य बीमा "** कार्यक्रम भन्नाले महाभारत गाउँपालिकाले आ व २०८२/०८३ को लागि गाउँसभाबाट स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वीकृत निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सम्झनु पर्छ ।

**(घ) "योगदान रकम (प्रिमियम )"** भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ ।

**(ङ) "बीमा"** भन्नाले स्वास्थ्य बीमा ऐन २०७४ को दफा ५ बमोजिम प्राप्तहुने सम्पूर्ण स्वास्थ्य बीमालाई सम्झनु पर्छ ।

(च) **"बीमित"** भन्नाले स्वास्थ्य कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम ) भुक्तानी गरेको परिवार वा व्यक्ति सम्झनु पर्छ ।

( छ) **"बोर्ड"** भन्नाले स्वास्थ्य बीमा बोर्डलाई सम्झनु पर्छ ।

(ज) **"पालिका"** भन्नाले महाभारत गाउँपालिका लाई सम्झनु पर्छ ।

(झ) **"कार्यपालिका"** भन्नाले महाभारत गाउँकार्यपालिका लाई सम्झनु पर्छ ।

(ञ) **"कार्यालय"** भन्नाले महाभारत गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ ।

(ठ) **"नागरिक"** भन्नाले महाभारत गाउँपालिकाको नागरिकलाई सम्झनु पर्छ ।

(ड ) **"दर्ता सहयोगी "** भन्नाले स्वास्थ्य बीमा नियमावली २०७५ को नियम १२ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(त) **"परिवार"** भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने व्यक्तिको एका संगोलको पति , पत्नी, बाबु, आमा, वा सौतेनी आमा दाजु, भाइ , दिदी ,बहिनी ,छोरा ,छोरी , बुहारी , धर्म पुत्र,धर्मपुत्री ,नाति वा नातनी ,सम्झनु पर्दछ र सो शब्दले पुरुष वा अविवाहित महिलाको हकमा निजको बाजे, बज्यै विवाहित महिलाको हकमा निजको सासु ससुरा समेतलाई जनाउँछ ।

(थ) **"सामजिक विकास समिति"** भन्नाले गाउँपालिकाको गाउँकार्यपालिका अन्तर्गत स्वास्थ्य कार्यक्षेत्र समेत रहेको सामाजिक विकास समितिलाई सम्झनु पर्छ ।

(द) **“बीमा प्रदायक”** भन्नाले उपचार बीमा लिने प्रथम सेवा बिन्दुको रुपमा बिमितले स्वीकार गरेको कार्यपालिकाले तोकेको स्वास्थ्य संस्था सम्झनु पर्छ ।

## परिच्छेद २

## कार्यक्रममा आवद्धता सम्बन्धी व्यवस्था

३. **“आवद्धता”** भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा नियमावली ,२०७५ को नियम ३ बमोजिम देहाय बमोजिमको आवद्धता हुनेछ ।

(क ) कार्यक्रममा सहभागिताको लागि ५ (पाँच) जनासम्म सदस्य रहेको परिवारलाई एक एकाई मानिने छ ।

(ख ) कुनै परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमा बढी भएजति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य बीमा नियमावली २०७५ को अनुसूची-१ बमोजिमको योगदान रकम भुक्तानी स्वयं घरमुली वा व्यक्ति गर्नेगरी आवद्ध हुन सकिने छ ।

(ग) प्रचलित कानून बमोजिम राष्ट्रसेवक मानिने व्यक्तिको परिवारको पाँच जना सदस्य बराबरको एक एकाई हुने गरि निज कार्यरत कार्यालयले यस कार्यक्रममा आवद्द गर्नु पर्दछ ।

(घ) कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य बीमा नियमावली २०७५ बमोजिम हुनेछ ।

४. **आवद्ध हुने माध्यमः**

(क ) स्वास्थ्य बीमा नियमावली २०७५ को नियम ५ बमोजिमका देहायका माध्यमबाट आवद्ध हुन सक्नेछ ।

१. दर्ता सहयोगी मार्फत ,

२. बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतीय दर्ता प्रणालीबाट ,

(ख ) स्वास्थ्य बीमा कार्यक्रममा आवद्दताका लागि नेपाल सरकार वा अन्तर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनै पनि लिखत लाई आधार मान्न सकिनेछ ।

## परिच्छेद -३
## योगदान रकम र सहुलियत सम्बन्धी ब्यवस्था

**५. योगदान रकमः**

(क ) कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य बीमा नियमावली ,२०७५ को अनुसूची १ बमोजिम हुनेछ ।

( ख) योगदान रकम सम्बन्धी अन्य ब्यवस्था स्वास्य बीमा नियमावली २०७५ को नियम १५ को उपनियम (२),(३),(४),र (५) बमोजिम हुनेछ ।

**६. बेहोर्ने योगदान रकमः**

१.कार्यक्रममा आवद्धताको लागि स्वास्य बीमा नियमावली २०७५ को नियम १६ को उप नियम (१) को अधीनमा रही ,बागमती प्रदेश सरकार वा गाउँपालिकाले ब्यहोर्ने योगदान रकम देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित कानून बमोजिम अति गरिबको परिचयपत्र प्राप्त परिवारको योगदानको रकम शतप्रतिशत नेपाल सरकारले (संघीय सरकारको कार्यक्रम तथा बजेट प्राप्त भएपछि मात्र )

(ख) अति अशक्त अपाङ्गता (रातोकार्ड) , भएका परिवारको योदान रकमको शतप्रतिशत नेपाल सरकार वा प्रदेश सरकारले ,

(ग) महिला स्वास्थ्य स्वयं सेविका संलग्न भएको परिवारको योगदानको रकमको पचास प्रतिशत संघ सरकारले ब्यहोर्ने र बाँकी रकम प्रदेश सरकार वा गाउँपालिकाले बेहोर्ने ,

(घ) सत्तरी वर्ष पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले ब्यहोर्ने ,

(ङ) दलित , माझी र पहरी जातिको योदानको शतप्रतिशत रकम संघ सरकार वा प्रदेश सरकारले बेहोरेको हकमा सोहि बमोजिम हुने र अन्य हकमा गाउँपालिकाले बेहोर्ने ,

(च) प्रचलित कानून बमोजिम राष्ट्रसेवक मानिने व्यक्तिको परिवारको पाँच जना सदस्य बराबरको एक एकाई हुने गरि निज कार्यरत कार्यालयले बेहोर्ने,

(छ) माथी उल्लेखित बाहेकका नागरिकको योगदानको प्रिमियम रकमको सत्तरी प्रतिशत रकम गाउँपालिकाले ब्यहोर्ने ,

**७. सहुलियत प्राप्त हुने प्रकृया -** (१) यस कार्यक्रममा आवद्द हुन चाहने नागरिकहरुले (आवेदक ) स्वास्थ्य बीमा योगदान रकममा सहुलियतको प्राप्तिका लागि देहायका कागजात संलग्न गरी दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ ।

(क) स्वास्थ्य बीमा नियमावलीको नियम ६ सँग सम्बन्धित अनुसूची २ को बीमालेख फारम (भरिएको)

(ख) सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र।

(ग)नेपाली नागरिकताको प्रमाणपत्र ।

**८. रकम उपलब्ध गराउने** ;

(१) दफा ११ बमोजिमको पालिकास्तरिय स्वास्थ्य बीमा संयोजन समितिको निर्णय पश्चात कार्यालय बाट प्रकाशित सूचनाको समयभित्र तोकिए बमोजिम साझेदारी रकम बीमा दर्ता सहयोगी मार्फत जम्मा गरे पछि गाउँ कार्यपालिकाको कार्यालयबाट योगदान रकम (प्रिमियम) मा संयोजन समितिको निर्णय बाट सहुलियत वापतको रकम थप गरी स्वास्थ्य बीमा बोर्डलाई भुक्तानी गरिनेछ ।

(२) यस पालिकाका स्थायि बसोबास गर्ने नागरिकहरुलाई देहाय बमोजिमको रकम ( प्रीमियम) मा सहुलियत बाफत रकम उपलब्ध हुनेछ ।

(क) अपाङ्गता , दलित, माझी र पहरी जातिलाई शतप्रतिशत योगदान रकम संघ सरकार वा प्रदेश सरकारले बेहोरेको हकमा सोहि बमोजिम र अन्य अवस्थामा गाउँपालिका बाट उपलब्ध गराईने छ ।

(ख) प्रचलित कानून बमोजिम राष्ट्रसेवक मानिने व्यक्तिको परिवारको पाँच जना सदस्य बराबरको एक एकाई हुने गरि निज कार्यरत कार्यालयले शतप्रतिशत योगदान रकम उपलब्ध गराउने छ ।

(ग) अन्य नागरिक वा घरपरिवार लाई योगदान रकमको सत्तरी प्रतिशत ( ७० %) रकम उपलब्ध गराईने छ ।

९. **सहुलीयत प्राप्तिको अवधीः** महाभारत गाउँपालिकाको स्विकृत बार्षिक कार्यक्रममा श्रोत व्यवस्थापन भएसम्म ।

## परिच्छेद -४

## समिति, अनुगमन मूल्याङ्कन सम्बन्धी ब्यवस्था

१०. **पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिः** (१) नेपाल सरकार स्वस्थ्य बीमा नियमावली २०७५ को नियम २६ लाई आधारमानी देहाय अनुसारका पद एवं प्रतिनिधित्व रहनेगरी पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति गठन हुनेछ ।

(क ) अध्यक्ष -संयोजक

(ख) उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक -सदस्य

(ङ) स्वस्थ्य बीमा कार्यक्रम सम्बन्धि बिशेष अनुभव भएकामध्ये कार्यपालिका सदस्य वा सामाजिक क्षेत्रका व्यक्ति मध्ये अध्यक्षबाट मनोनित १ जना - सदस्य

(च ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**११. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम, कर्तब्य र अधिकारः** (१) पालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम,कर्तब्य र अधिकार देहाय अनुसार हुनेछन् ।

(क) स्वास्थ्य बीमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको श्रोत व्यवस्थापन ,योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने ,

(ख) कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन,समिक्षा ,पृष्ठपोषण सुधार एवं विस्तार ,

(ग) स्वास्थ्य बीमा सम्बन्धी गुनासो व्यवस्थापन ,

(घ) स्वास्थ्य बीमा बोर्डसँग समन्वय एवं निर्देशनको कार्यान्वयन,

(ङ) प्रीमियम सुलियतका लागि वडा कार्यालय बाट बीमा कर्ताले पेश गरेको बीमालेख फारम एकिकृत गरि बिमित बाट बेहोर्ने रकम र पालिकाबाट बेहोरिने सहुलियत रकम प्रष्ट खुलाई पालिकामा पेश गर्न लागाउने ।

## परिच्छेद -५

## बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्था तथा विविध

**१२.गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्थापन गर्नेः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले बाधा अड्काउ फुकाउने छ ।

**१३.“लेखापरिक्षण ”** स्वास्थ्य बीमा अनुदान रकम भुक्तानीका लागि स्थापना भएको विवध कोषको लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।.

**१४.“परिवर्तन सम्बन्धि व्यवस्थाः** ऐन र नियमावलीको व्यवस्था अनुसार प्रथम बीमा बिन्दु, घरमुली र सदस्य संख्या परिवर्तन गर्न सकिनेछ।

**१५. " प्रचलित कानून लागू हुने"** यस कार्यविधिमा भएको व्यवस्था यसै बमोजिम हुने र सो बाहेक अन्य प्रचलित ऐन तथा नियममा रहेको व्यवस्था अनुसार हुनेछ।

**१६."हेरफेर तथा थपघट"** ऐन र नियमावलीमा रहेका विषयहरु हेरफेर तथा ब संसोधन भएमा कार्यपालिकाले यस कार्यविधिमा रहेका विषयहरु हेरफेर ,थपघट तथा संसोधन गर्न सक्ने छ ।

**१७. विविधः** यस कार्य विधिमा उल्लेख नभएका विषयमा प्रचलित ऐन , नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

**१८. व्याख्या सम्बन्धी व्यवस्थाः** यस कार्यविधिमा भएका व्यवस्था अन्य कानूनमा उल्लेखित भएकोमा बाहेक कार्यपालिकाले गरेको निर्णय वा व्याख्या अन्तिम हुनेछ ।

**आज्ञाले**
**राम बहादुर तामाङ**
**प्रमुख प्रशासकीय अधिकृत**

महाभारत गाउँपालिका